स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक तथा एफर्मर दुर्गेश थापालाई अर्का गायक आनन्द कार्कीले जवाफ दिएका छन्। आनन्द कार्कीले दुर्गेशले आफूलाई गीत गाएको पारिश्रमिक नदिएको आरोप लगाएका थिए। कार्कीको उक्त आरोपपछि दुर्गेशले समझौतापत्र सार्वजनिक गरिदिएका थिए। उक्त समझौतापत्रमा कार्कीले दुर्गेशबाट आफूले लिने पारिश्रमिक लिइसकेको भन्ने उल्लेख छ। दुर्गेशले समझौतापत्र सार्वजनिक गरिदिएपछि केही दिन अघि कार्कीले उनलाई जवाफ दिएका हुन्।

आजको विचार...



विगतको...
(दुई पेजमा)

पदम न्यौपाने

कुनै सिनेमाले बक्सअफिसमा उत्साहजनक व्यापार गर्छन् त कुनै अपेक्षाअनुसार चल्दैनन्। अभिनेता दयाहाङ राईका लागि पछिल्लो समय व्यावसायिक रूपमा सुखद् थियन। उनका एकपछि अर्को सिनेमा प्रदर्शनमा आए पनि अपेक्षित व्यापार गर्न सकेका थियनन्। चतिबेला भने दयाहाङले लगातार दुई सफल सिनेमा दिएका छन्। पछिल्ला दुई सिनेमा "पेन्सन पट्टा" र "कबड्डी ५: आफ्टर द फाइनल म्याच"ले उनका फिल्मको व्यावसायिक असफलताको शृंखला तोडेका हुन्।



❐ वर्ष ३२ ❐ अंक १०७ ❐ २०८३ कार्तिक १८ गते शनिबार 14 November 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

बम खाँदा भारतीय युवकको मृत्यु

रासस/एएफपी


नयाँदिल्ली, कार्तिक २७/ परम्परागत भारतीय मिठाईजस्तो देखिने बारुद भरिएको पिठोको डल्लो मुखमा विस्फोट हुँदा मध्यप्रदेशमा एक युवकको मृत्यु भएको छ । प्रहरीले शुक्रबार दिएको जानकारीअनुसार ३५ वर्षीय राजेन्द्र बरौतियाको उपचारका क्रममा मृत्यु भएको हो ।घटना मंगलबार डिन्डोरी जिल्लामा भएको थियो । आगो ताप्न भेला भएका बेला एक गाउँलेले त्याएको 'मिठाई' अर्का व्यक्तिले बरौतियालाई दिएका थिए । मुखमा राखेलगत्तै उक्त वस्तु विस्फोट भएको प्रहरी अधिकारी रेखा सिंहले बताए । स्थानीय केही समुदायले जंगली सुँगुर मार्न पटाका वा खानीबाट प्राप्त बारुद पिठोका डल्लामा भरेर घरेलु बम बनाउने गरेका छन् । ती डल्ला चिनीको सिरपमा भिजाइने लोकप्रिय भारतीय मिठाई 'रसगुल्ला' जस्तै देखिने भएकाले झुक्किने सम्भावना हुन्छ । गम्भीर घाइते बरौतियालाई अस्पताल लगिए पनि बचाउन नसकिएको प्रहरीले जनाएको छ । घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरी लापरवाहीका कारण ज्यान गएको अभियोग लगाइएको छ ।

बन्दैछ गच्छे-भालुबाङ सडक : १२० किमीको घुमाउरो यात्रा अब ७३ किलोमिटरमा झर्दै

राष्ट्रिय समाचार समिति (रासस)

अर्घाखाँची, कार्तिक २७/ राप्ती नदीको वारि अर्घाखाँची जिल्ला छ । नदीपारि रहेको लुम्बिनी प्रदेशको राजधानी भालुबाङ अर्घाखाँचीको सिमानासँगै जोडिएको छ । भौगोलिक रूपमा निकै नजिक रहे पनि प्रदेश राजधानी पुग्न अर्घाखाँचीवासीले लामो र घुमाउरो सडकयात्रा गर्नुपर्ने बाध्यता छ ।

सदरमुकाम सन्धिखर्कबाट कपिलवस्तुको गोरुसिङ्गे, चन्द्रौटा र धानखोला हुँदै भालुबाङ पुग्न करिब १२० किलोमिटर यात्रा गर्नुपर्छ ।तर, अब यो बाध्यता अन्त्य हुने आशा पलाएको छ । सन्धिखर्कको गच्छेबाट ढिकुरा, धनचौर, जुकेना, जलुके, लामाताल र दरबाङ हुँदै भालुबाङ जोड्ने गच्छे-भालुबाङ सडक निर्माणले तीव्रता पाएसँगै अर्घाखाँची र प्रदेश राजधानीबीचको दूरी छोटिने भएको हो । यो सडक निर्माण सम्पन्न भए अहिले प्रयोग भइरहेको गोरुसिङगे हुँदै जाने सडकमार्गभन्दा करिब ४७



किलोमिटर दूरी कम हुनेछ । अर्थात्, अहिले १२० किलोमिटर यात्रा गर्नुपर्ने भालुबाङ पुग्ने दूरी घटेर करिब ७३ किलोमिटरमा सीमित हुनेछ ।प्रदेश राजधानी आएै जिल्लाको सिमानामा भएर पनि घुमाउरो बाटो प्रयोग गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने उद्देश्यले अघि बढाइएको यो सडक अर्घाखाँचीको महत्त्वपूर्ण पूर्वाधार आयोजनाका रूपमा स्थापित हुँदै गएको छ । लुम्बिनी प्रदेश सरकारले गौरवको योजनाका रूपमा अघि बढाएको यस सडकको निर्माणकार्य सडक पूर्वाधार विकास कार्यालय अर्घाखाँचीले अगाडि बढाएको छ ।गच्छेबाट सुरु भएर भालुबाङसम्म पुग्ने सडकको कुल लम्बाइ ७३ किलोमिटर छ ।

सडक पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर वासुदेव भण्डारीका अनुसार गच्छेदेखि धनचौर हुँदै लामातालसम्मको ४७.५ किलोमिटर सडकमा ग्राभेल गर्ने काम सम्पन्न भइसकेको छ ।सडक निर्माणका विभिन्न खण्डमा क्रमशः कालोपत्र, ग्राभेल तथा आवश्यक संरचना निर्माणका काम भइरहेका छन् । गच्छे देखि गैरागोठसम्मको सडक गत आर्थिक वर्षमै कालोपत्र सम्पन्न भएको थियो । चालु आर्थिक वर्षमा पनि दुईवटा खण्डमा निर्माणकार्यलाई अगाडि बढाइएको कार्यालय प्रमुख भण्डारीले जानकारी दिए । उनका अनुसार अम्मर एसियाली मल्लरानी जेभी प्युठानले गच्छेदेखि ढिकुरासम्मको ५.६५ किलोमिटर सडकमा अस्फाल्ट कालोपत्र गर्ने काम गरिरहेको छ । उक्त खण्डमा सडक कालोपत्रसँगै आवश्यक संरचना निर्माण तथा ग्राभेलको कामसमेत भइरहेको छ ।यसका लागि करिब साढे तीन करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । निर्माणकार्य केही दिनमै सम्पन्न हुने कार्यालय प्रमुख भण्डारीले बताए ।त्यस्तै, समपूरक आयोजनाअन्तर्गत अर्को सडकखण्डमा पनि कालोपत्रको काम अघि बढेको छ । खनाल वैदर्श सागर जेभी अर्घाखाँचीले अघिल्लो आर्थिक वर्षमा सम्झौता गरेर निर्माणकार्य सुरु गरेको हो । उक्त आयोजनाअन्तर्गत भन्डै ९.५ किलोमिटर सडक कालोपत्रसहित निर्माण भइरहेको छ ।समपूरक आयोजनाअन्तर्गत निर्माण भइरहेको सडकको भौतिक प्रगति करिब ३५ प्रतिशत पुगेको निर्माण व्यवसायी कविराम खनालले जानकारी दिए । आगामी आर्थिक वर्षसम्म सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भए पनि निर्माणकार्यलाई तीव्रता दिँदै चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको उनले बताए ।

(बाँकी अन्तिम पेजमा...)

स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ जनाको मृत्यु

पाल्पा, कार्तिक २७/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा परी ६ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी कमाचार कक्षका अनुसार कैलाली, बारा, नवलपरासी पूर्व, तनहुँ, सिराहा र धनुषामा भएका छुट्टाछुट्टै घटनामा परी ६ जनाको मृत्यु भएको हो ।

नवलपरासी पूर्वको हुप्सेकोट गाउँपालिका-३ देउरालीस्थित सडकमा गिरूबारीबाट बेलाहानीतर्फ आउँदै गरेको ना.३६ प २४२८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४८ वर्षीय कमल गाहाको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१३ पिडारी चोकस्थित सडकमा पिडारी चोकबाट रत्न सागरतर्फ जाँदै गरेको मधेश प्रदेश ०२-०१० प ४०६९ नम्बरको



स्कुटरलाई मधेश प्रदेश ०३-००१ ख ७५०४ नम्बरको टिपरले बिहीबार दिउँसो ठक्कर दिँदा स्कुटर चालक महोत्तरी मनरा शिसवा नगरपालिका-५ कटैया बस्ने २० वर्षीय नबिन चौधरीको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै तनहुँको आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोकस्थित सडकमा आँबुखैरेनीबाट डुम्रेतर्फ जाँदै गरेको म.प्र.०३-४८ प ६३७६ नम्बरको स्कुटर अनियन्त्रण भई दुर्घटना हुँदा स्कुटरमा सवार सोही गाउँपालिका-१ आँधिमुल बस्ने २४ वर्षीय अमन भुजेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सिएमसि अस्पताल चितवनमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तैसिराहाको धनगढीमाई नगरपालिका-९ मुसहरनिया चोकस्थित सडकमा मधेश प्रदेश ०१-००५ प ६९६७ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ५५ वर्षीय श्रीराम यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल लहानमा उपचारको क्रममा मृत्यु भएको हो । बाराको कलैया उपमहानगरपालिका-२० बसतपुरस्थित सडकमा मटिहवाबाट बसतपुरतर्फ आउँदै गरेको बीआर ०५ एबि ७७५९ नम्बरको मोटरसाइकलले ना.३६ प १५३९ नम्बरको मोटरसाइकललाई ठक्कर दिई शुक्रबार दिउँसो दुर्घटना हुँदा ना.३६ प १५३९ नम्बरको मोटरसाइकलमा सवार देवताल गाउँपालिका(५ धुरहा बस्ने ३० वर्षीया शिवपुजनी देवीको मृत्यु भएको छ । यस्तै कैलालीको धनगढी उपमहानगरपालिका-१५ स्थित सडकमा मोटरसाइकल र स्कुटर एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा स्कुटर चालक सोही उपमहानगरपालिका-५ तारानगर बस्ने ३५ वर्षीया सुशिला बमको मृत्यु भएको छ ।

पा.वि.हु.द.नं. ०५१/०५२ पा.वि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

मधुमेह रोगबारे सचेत बनौं

हरेक वर्ष नोभेम्बर १४ तारिखमा विश्व मधुमेह दिवस मनाइन्छ । यस वर्षको दिवस आज मनाइँदै छ । मधुमेह अर्थात् चिनीरोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, यस रोगबाट हुने जोखिमबारे जानकारी गराउने र यसको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक उपाय अपनाउन प्रेरित गर्ने उद्देश्यले यो दिवस मनाउने गरिएको हो । पछिल्लो समय बदलिँदो जीवनशैली, अस्वस्थ खानपान, शारीरिक निष्क्रियता र बढ्दो तनावका कारण मधुमेहको समस्या विश्वभर चुनौतीका रूपमा देखिँदै गएको छ । नेपालमा पनि मधुमेहका बिरामीको संख्या बढ्दै जानु चिन्ताको विषय बनेको छ । त्यसैले विश्व मधुमेह दिवस केवल औपचारिक कार्यक्रम गर्ने दिन नभई आफ्नो स्वास्थ्य र जीवनशैलीबारे गम्भीर भएर सोच्ने अवसर बन्नुपर्छ । मधुमेह शरीरमा इन्सुलिन पर्याप्त मात्रामा उत्पादन नहुँदा वा शरीरले उत्पादन भएको इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न नसक्दा रगतमा चिनीको मात्रा बढ्ने अवस्था हो । यसलाई सामान्य रोग ठानेर बेवास्ता गर्नु घातक हुन सक्छ । समयमै पहिचान र उपचार हुन नसके यसले मृटु, मिर्गौला, आँखा, स्नायु प्रणालीलगायत शरीरका विभिन्न अङ्गमा गम्भीर असर पुऱ्याउन सक्छ । कतिपय अवस्थामा सुरुवाती चरणमा स्पष्ट लक्षणसमेत नदेखिने भएकाले मानिसले आफूलाई मधुमेह भएको थाहा नपाउन सक्छन् । त्यसैले नियमित स्वास्थ्य परीक्षण र रगतमा चिनीको मात्रा जाँच गर्ने बानी आवश्यक छ ।

मधुमेह नियन्त्रणका लागि औषधि सेवन मात्र पर्याप्त हुँदैन । यसका लागि खानपान र दैनिक जीवनशैलीमा सुधार ल्याउन उत्तिकै जरुरी हुन्छ । अत्यधिक गुलियो, चिल्लो तथा प्रशोधित खानेकुराको सेवन घटाउने, सन्तुलित आहार खाने, नियमित शारीरिक व्यायाम गर्ने, तौल नियन्त्रणमा राख्ने र पर्याप्त निद्रा लिने बानीले मधुमेहको जोखिम कम गर्न सहयोग पुऱ्याउँछ । विशेषगरी शारीरिक श्रम कम गर्ने र लामो समयसम्म एउटै स्थानमा बसेर काम गर्ने प्रवृत्ति बढ्दै गएको अवस्थामा दैनिक हिँडडुल र व्यायामलाई जीवनको अभिन्न हिस्सा बनाउनुपर्छ । स्वस्थ जीवनशैली अपनाउनु रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु बढी प्रभावकारी उपाय हो ।

मधुमेह नियन्त्रणमा व्यक्तिगत प्रयाससँगै परिवार, समुदाय र राज्यको भूमिका पनि महत्वपूर्ण हुन्छ । रोग लागिसकेका व्यक्तिलाई हेप्ने, डराउने वा सामाजिक रूपमा फरक व्यवहार गर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ । उनीहरूलाई नियमित उपचार, स्वस्थ खानपान र सकारात्मक वातावरणका लागि परिवारले सहयोग गर्नुपर्छ । अर्कोतर्फ, स्वास्थ्य संस्थामा मधुमेह परीक्षण तथा उपचार सेवा सहज र सर्वसुलभ बनाउन सरकारको ध्यान जान आवश्यक छ । विद्यालयदेखि समुदायस्तरसम्म स्वस्थ खानपान, नियमित व्यायाम र रोगको समयमै पहिचानसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । विशेषगरी ग्रामीण क्षेत्रमा मधुमेह परीक्षण र उपचार सेवाको पहुँच विस्तार गर्नु आजको आवश्यकता हो । तसर्थ हरेक व्यक्तिले आफ्नो खानपान, शारीरिक गतिविधि र स्वास्थ्य परीक्षणमा ध्यान दिन र रोगबारे सचेत हुन जरुरी छ ।

Opinion @ Social Network

कहिलेकाहीं एति गाह्रो हुन्छ कि लाग्छ,
जिन्दगि नै सकिदिउ फेरि मलाई नै आफ्नो सन्सार सम्झिने घर सम्झन्छु।
(रुपा झर्गाको फेसबुक स्टाटसबाट www.facebook.com/Rupa.Jharga)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तनै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

विगतको भविष्य सोंच्ने क्षमता र छेर्लुङको सुरुङ्ग कुलो



पदम न्यौपाने

पाल्पा छेर्लुङको कुलो(बराड्दी खोला देखी छेर्लुङको फाँट सम्मको) विगतको परम्परागत तर वैज्ञानिक सिपको नमूना हो, जसले इतिहास, सामुदायिक लगानी ,श्रम, परम्परागत सिँचाइ व्यवस्थापन र भविष्यका लागि दिगो ग्रामीण विकासको सोंचको एउटा नमूना हो । यसबाट अहिले सिचाइँ कुलो निर्माणको अवस्थालाई सिक्नुपर्ने गतिलो पाठ हो ।

हाम्रो अधिकाशं इतिहास केवल सत्ता र त्यस वरिपरि घुमेको वा घुमाइएकोमा केन्द्रित हुन्छ । तर कतिपय समाजसँग गारिएका इतिहास पनि छन् । ती इतिहास पनि केवल राजदरबार, मठमन्दिर, किल्ला र पुराना बस्तीहरूको इतिहासमा मात्र केन्द्रित छैनन् । यो छेर्लुङको कुलोको इतिहास पानीको व्यवस्थापन, खेतीपाती, सामूहिक श्रम र समुदायले निर्माण गरेका जीवनउपयोगी संरचनाहरूको इतिहास बनेको छ । कठीन पहाडी भूगोलमा रहेका उब्जाउ भूमिमा पानीको स्रोतबाट खेतबारीसम्म पानी पुऱ्याउनु सामान्य सोचका साथै सहज पनि थिएन । त्यसका लागि जमिनको भिरालोपन बुझ्नुपर्ने, उपयुक्त बाटो पहिल्याउनुपर्ने, चट्ट्यानी ढुङ्गा फोड्नुपर्ने, माटोको संरचना बनाउनुपर्ने र वर्षौंसम्म त्यसको संरक्षण गर्नुपर्ने चुनौती सामना गर्नु पर्थ्यो ।

पाल्पाको तानसेन नगरपालिका-१४मा रहेको अर्को फाँट छेर्लुङमा लगिएको कुलो पनि केवल सिँचाइको माध्यमका रूपमा मात्र नभई स्थानीय ज्ञान, सामुदायिक लगानी, सहकार्य, व्यवस्थापन, कृषि उत्पादन र ग्रामीण जीवनशैलीसँग जोडिएको ऐतिहासिक सम्पदाका रूपमा पनि लिइन्छ ।

इतिहास: पुर्खाको सीप, श्रम र सामूहिक संकल्प

पहाडको चट्टान छेडेर पानी लैजाने सुरुङसहितको परम्परागत यो राजकुलो चट्टानभित्र सुरुङ निर्माण गरी पानी लगिएको सिँचाइ कुलो हो । पहाडी बस्तीहरूमा परम्परागत कुलो निर्माण हुनुको प्रमुख उद्देश्य पनि स्थानीय कृषि जीवनको आवश्यकता पूरा गर्न निर्माण गरिएको यो पनि एउटा संरचना थियो । यस कुलोमा प्राकृतिक ढलान अनुसार पानी बग्ने मार्ग, ढुङ्गा वा माटोका पुराना संरचना, पहाडभित्र बनाइएका सुरुङ वा अन्य विशेष इन्जिनियरिङका पक्षहरुबाट यस कुलोको महत्व बढाएको पाइन्छ । तत्कालिन अवस्थामा समुदायद्धारा रु पाँचहजार रुपैया नगद र पाँच सय रुपैयाँ बराबरको जिन्सि संकलन गरी जम्मा रु पाँचहजार पाँच सय रुपैयामा सो कुलो निर्माण गरिएको उपभोक्ताहरु बताउछन् । वि.सं. १९९० र १९९५ ताकाको समयमा आधुनिक मेसिन, नापजाँचका डिजिटल उपकरण र यातायातका सहज साधन उपलब्ध थिएनन् । तापनि स्थानीय मानिसले जमिनको बनोट, पानीको बहाव र उचाइको अन्तर बुझेर सिँचाइका संरचना निर्माण गरेका थिए । यस्ता संरचनामा पुस्तौंको अनुभव, प्रकृतिको अवलोकन र व्यवहारबाट सिकिएको ज्ञान समेटिएको भान हुन्छ । कुलो निर्माण तथा सञ्चालनमा स्थानीय किसान, परिवार र समुदायको सामूहिक श्रम संलग्नता थियो ।

परम्परागत इन्जिनियरिङ अहिलेकालागि सिकाइ

छेर्लुङ कुलोको महत्व यसको पानी बग्ने मार्गमा मात्र सीमित छैन । यसको निर्माणमा अपनाइएको प्रविधि, भौगोलिक अवस्था अनुसार गरिएको मार्ग छनोट र पानीको बहाव नियन्त्रण गर्ने सीपले पनि यसको ऐतिहासिक मूल्य निर्धारण गर्छ । नेपालका मध्यपहाडी क्षेत्रमा प्रचलित किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीहरूमा स्थानीय सामग्री, ढुङ्गा, माटो, वनस्पति र प्राकृतिक ढलानको उपयोग गरिन्थ्यो । कतिपय ठाउँमा कठिन चट्टानी भू-भाग पार गर्न सुरुङसमेत बनाइन्थ्यो । पाल्पाको छेर्लुङ र अर्गलीका कुलोहरू यस्ता परम्परागत सिँचाइ प्रणालीका उदाहरणका रूपमा प्राविधिक साहित्यमा उल्लेख भएका छन् । यस्ता कुलोहरु अहिलेको इन्जिनियरिंगका लागि सिकाइ हुन्छन् । अहिलेको प्राविधिक पक्षमा यस प्रकारका संरचनाको अध्ययन गर्दा तीन पक्षमा विशेष ध्यान दिनुपर्छ । पहिलो, पानीको स्रोतदेखि खेतसम्मको मार्ग कसरी तय गरियो भन्ने कुरा महत्वपूर्ण हो । दोस्रो, जमिनको भिरालोपन अनुसार पानीको गति र बहाव कसरी नियन्त्रण गरियो भन्ने कुरा र तेस्रो, पहिरो, वर्षा, बाढी तथा अन्य प्राकृतिक जोखिमबाट कुलोलाई कसरी जोगाइयो भन्ने कुरा । यस्तो परियोजनाहरुको अध्ययन अनुसन्धानले पुरानो प्रविधिलाई केवल आश्चर्यका रूपमा हेर्ने होइन, त्यसको व्यावहारिक ज्ञानलाई आजको सिँचाइ व्यवस्थापनमा कसरी उपयोग गर्ने भन्ने बाटो पनि देखाउँछ । यस कुलोका सन्दर्भमा गरिएका अध्ययन, अनुसन्धानहरुले पनि यो प्रकृतिको कुलोलाई तत्कालिन अवस्थामा स्थानीयहरुको चासो, लगानी, व्यवस्थापन र हाल सम्म अवलम्वन गरिएको वितरण प्रणालीलाई वैज्ञानिक मानेका छन् ।

उपयोग, चुनौती र संरक्षणको आवश्यकता

अहिले को समयमा परम्परागत कुलोहरूको भूमिका परिवर्तन भइरहेको छ । कतिपय ठाउँमा कृषि जमिन बाँझिने, खेतीको स्वरूप बदलिने, युवा जनशक्ति अन्यत्र जाने र वैकल्पिक पानीका स्रोत प्रयोगमा आउने क्रमले पुराना कुलोको नियमित प्रयोग प्रभावित पारेको देखिन्छ । तर यी त सामान्यत सम्भावित चुनौती मात्र हुन् । छेर्लुङ कुलोमा यस्ता समस्या कति गम्भीर छन् भन्ने बारे स्थलगत अध्ययनबाट हेर्नु पर्ने हुन्छ । यसरी हेर्दा कुलोबाट हाल कति क्षेत्रफलमा सिँचाइ हुन्छ र कति किसान परिवार लाभान्वित छन् ? सुक्खायाम र वर्षायाममा पानीको बहाव कति फरक हुन्छ ? कुलो उपभोक्ता समिति वा अन्य संस्थाले कसरी काम गरिरहेका छन् ? मर्मतका लागि श्रम र आर्थिक स्रोत कसरी जुटाउने गरिएको छ ? र पुरानो पुस्तामा रहेको ज्ञान नयाँ पुस्तामा कति हस्तान्तरण भइरहेको छ की छैन् वा हस्तान्तरण सम्भव छ की छैन ?

यसमा ध्यान दिनुपर्ने विशेष पक्ष के हो भने संरक्षणका नाममा कुलोका सबै भागमा सिमेन्ट प्रयोग र पुराना संरचना हटाएर नयाँ निर्माण गर्ने काम भएको छ छैन । आवश्यक स्थानमा आधुनिक प्रविधि प्रयोग गर्दा पनि ऐतिहासिक संरचना, प्राकृतिक जलप्रवाह र स्थानीय ज्ञानलाई जोगाउने सिद्धान्त अपनाउन जरुरी हुन्छ किन की यस्ता प्रविधियुक्त परियोजना ऐतिहासिक महत्व बोकेका हुन्छन् ।

छेर्लुङ कुलोको संरक्षण, उत्पादन र सम्पदा पर्यटन

छेर्लुङ कुलोलाई भविष्यमा कृषि पूर्वाधार,ऐतिहासिक सम्पदा र स्थानीय विकासको साझा आधार बनाउनु पर्ने हुन्छ । त्यसका लागि निम्न कार्यक्रम प्राथमिकतामा राख्नुपर्छ । यस कुलोले पर्यटनमा आकर्षण थपिदै गएको साहसिक पर्यटनकालागि नयाँ अवसर समेत सृजना गरेकोछ । रानीघाट दरवार क्षेत्रमै यो अवसर प्राप्त हुनु पाल्पाको पर्यटनमा नयाँ अवसर पनि हो । यसैगरी सम्पदा पर्यटनको पक्षमा पनि यसको वेग्लै महत्व रहेकोछ । पानी वितरण प्रणलीमा अवलम्वन गरिएको विधि पनि एक प्रकारको सम्पदा बनेको छ जुन निकै वैज्ञानिक रहेको पाइन्छ । यो कुलोको आकार वा पानीको मात्रा सिचाइ गरिने जमिनको क्षेत्रफल अनुसार आवश्यक पर्ने पानीको मात्राका आधारमा बनाइएको वताइन्छ ।

कसले बनाएको हो ?

वि.सं. १९९० र १९९५ (सन् १९३३ र १९३८) तिर छेर्लुङ र अर्तुङ्गाका खेतबारीमा सिँचाइका लागि पानी पुऱ्याउने उद्धेश्य राखेर रुद्रशमशेरको पालामा वा राणाकालमा स्थानीय समुदायद्धारा आफ्नै लगानीमा निर्माण गरिएको हो। कुलो निर्माणमा पहाडको चट्टान काटेर सुरुङ खन्ने सीप भएका आरी समुदायका कालीगढ तथा श्रमिकहरू संलग्न गरिएको थियो । दस्तावेजहरु अनुसार यो कुलोको नाम जेठी र कान्छी कुलो भनेर चिनिने गरी दुईवटा कुलोको उल्लेख पाइन्छ । कुलोको ऐतिहासिक मार्ग, सम्भावित सुरुङ, स्थानीय कृषि संस्कृति र परम्परागत निर्माण सीपलाई समेटेर शैक्षिक भ्रमण वा सम्पदा पदमार्ग विकास गर्न सकिन्छ । साथै स्थानीय विद्यालय, अनुसन्धानकर्ता र समुदायको सहकार्यमा 'हाम्रो कुलो, हाम्रो इतिहास' अभियान सञ्चालन गरी कुलोको इतिहास, पानीको उपयोग, स्थानीय प्रविधि र सामुदायिक सहकार्यबारे अध्ययन गर्न सक्छन विद्यार्थीलाइ अभिप्रेरित गर्न सकिन्छ । यसबाट इतिहासप्रति सम्मान र वातावरणप्रति जिम्मेवारी बढ्छ । यी कामलाई चरणबद्ध रूपमा अघि बढाउन तानसेन नगरपालिका, स्थानीय उपभोक्ता समूह, कृषि तथा सिँचाइसम्बन्धी निकाय, विद्यालय र सम्पदा संरक्षणमा काम गर्ने संस्थाबीच सहकार्य आवश्यक हुन्छ । कुलो पानीको बाटो मात्र होइन, समाजको इतिहास पनि हो । यसर्थ यसको वास्तविक ऐतिहासिक समय, निर्माण प्रक्रिया, प्राविधिक विशेषता र वर्तमान उपयोगबारे थप प्रमाण संलग्न गर्न जरुरी छ । अध्ययन जरुरी छ , त्यस्तो अध्ययनले छेर्लुङको इतिहासलाई तथ्यमा आधारित बनाउनुका साथै नेपालको परम्परागत सिँचाइ प्रणालीबारेको ज्ञानमा समेत योगदान दिन सक्छ । इतिहास वा अतीतको सम्मान भनेको पुरानो संरचनाको प्रशंसा मात्र गर्नु होइनह त्यसमा निहित ज्ञान, श्रम, सहकार्य र जिम्मेवारीलाई वर्तमान जीवनमा उपयोग गर्नु हो । छेर्लुङ कुलोको संरक्षण पनि यही सोचमा आधारित हुनुपर्छ । छेर्लुङको कुलोले भविष्यलाई दिने मुख्य सन्देश पनि यही हो की पुर्खाले निर्माण गरेको संरचना जोगाऔं, त्यसमा रहेको ज्ञान बुझौं, वर्तमानको आवश्यकता पूरा गरौं र भावी पुस्ताका लागि पानी, कृषि तथा सम्पदाको दिगो आधार तयार गरौं ।

निष्कर्ष

पाल्पाको अर्गलीको राजकुलो र छेर्लुङको ऐतिहासिक सुरुङ कुलो दुवै परम्परागत सिँचाइका महत्वपूर्ण सम्पदा हुन् । अर्गली कुलो राज कुलो हो भने छेर्लुङ कुलो ऐतिहासिक कुलो हो । अर्गलीको राजकुलो करिब ४०० वर्षअघि निर्माण भएको मानिन्छ भने छेर्लुङको ऐतिहासिक कुलो वि.सं. १९९० र १९९५ तिर राणाकालमा निर्माण भएको मानिन्छ । यसलाई अब पर्यापर्यटनसँग जोडेर लान सकियो भने छेर्लुङ र अर्तुङगाको सामाजिक आर्थिक रुपान्तरणमा ठूलो मद्धत पुग्ने देखिन्छ । यो कुलो अब सिंचाइ कुलो मात्र रहेन, यो अब रानीघाट क्षेत्र (रानीमहल)को पर्यटन विकासका लागि विभिन्न अवसर सिर्जना गरेको छ । विभिन्न शाहसिक पर्यटनको अवसर र रानीमहल क्षेत्र नजिकैको व्यवस्थित गाउँ छेर्लुङ साथै माझी(बोटे) समुदायमा घरबास (होमस्टे) र खानीगांउ क्षेत्रमा ग्रामिण पर्यटनका क्रियाकलापको लागि ढोका खोल्ने निश्चित छ । यो क्षेत्रमा पर्यटनका सबै सम्भावनाहरुको व्यवस्थित विकासका लागि रानीघाट क्षेत्र विकास समिति गठन गर्न जरुरी देखिएको छ ।

(लेखक तानसेन पर्यटन बोर्डका सदस्य र तानसेन सम्पदा संरक्षण समाजका अध्यक्ष हुन् ।)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय

बुटवल	०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल	९७४७०४३४६९
बुटवल रामनगर	०७१-५४१२३३
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-५२१९९९
गुल्मी	०७८-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७६-५६००९९
पाल्पा	०७५-५२०५३६, ५२०१९९
झाक्रा रामपुर	०७५-१९१५५५

अस्पताल कार्यालय

लुम्बिनीसिटी अस्पताल	०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल	०७१-५४०२००, ५४०२०७
भिमअस्पताल भैरहवा	०७१-५२०१९३
मिसनअस्पताल पाल्पा	०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७५-४११२०१
पिचन्द परासी	०७८-५२०१८८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०५५७
तम्घास जिल्ला अस्पताल	०७८-५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल	०७१-५४४४५०
बुटवल हस्पिटल	०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल	५४१७०४
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेडिटेक अस्पताल	५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल	०७१-५४७८४०
आँखा अस्पताल पाल्पा	०७५-५२०३३३, ५२१३७९
रामपुर अस्पताल	०७५-४००१४

एम्बुलेन्सहरु

रेडारी क्लब बुटवल	०७१-५४९०००
लिपी क्लब अप बुटवल	०७१-५४५८९३
रेडक्रस भैरहवा	०७१-५२०२६३
रेफ्युजाई भैरहवा	०७१-५२६६७३,९८४७०२२४६४
परासी	०७८-५२०१५
रेडक्रस पाल्पा	०७५-५२०६००
रेडक्रस तौलिहवा	०७६-५६००५
रेडक्रस अर्घाखाँची	०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी	०८१-५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि.	०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो.	९८४७०५५०९९
जनसेवा क्लब नयाँमिल	९९५७०२१४६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१७५८
बगगाई क्लब बगगाई	०७६-६९०१०२
रेडक्रस देवह्रद	०७१-५४७०९९
लुम्बिनी मेडिकल कलेज	०७५-५२०८४०
बुटवल जेसिस	९८४७२९९६४
न्यु एकता क्लब तानसेन	०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा	९८४७१०२७६५
रामपुर टेड्डन्टी	९८४७०६२२४७,९८५७०६७४०

दैनिक राशिफल

मेष	: अवसरहरु प्राप्त हुनेछन् । पुरानो कारोबार लाई नविनीकरण गर्ने समय रहेको छ ।
वृष	: पैसामा मौखिक सहमतिमा भर नपर्नु उचित हुन्छ । शरीरमा स्फूर्ति रहनेछ ।
मिथुन	: समय भन्दा काम पूरा गर्नु राम्रो हुन्छ । मौसमअनुसार कपडा रोज्नुहोला ।
कर्कट	:कागजपत्र मिलाउन ध्यान दिनुहोला । समय र क्षमताको ख्याल गर्नुहोस् ।
सिंह	: गल्ती स्वीकारेर सच्याउँदा अरूको भरोसा बढ्नेछ । सानो प्रयास पर्याप्त हुनेछ ।
कन्या	: जिम्मेवारी पनि पूरा गर्नुहोला । शरीर थाक्न नदिन विश्राम लिनुहोस् ।
तुला	: कुनै उपयोगी कुरा सिक्न पाइनेछ । खर्चको काममा नयाँ अनुभव मिल्नेछ ।
वृश्चिक	: छुटेको रकम पत्ता लाग्न सक्छ । आराम गर्ने बानीमा ध्यान दिनुहोस् ।
धनु	: खर्च समयको व्यवस्था मिलाउनुहोला । काम समयमै सक्नुहोस् ।
मकर	: परिवारको अप्ठ्यारो होला । कार्यक्षेत्रमा सहयोग मिल्नेछ ।
कुम्भ	: विचार राख्ने अवसर मिल्नेछ । खाली समयमा नयाँ सीपको अभ्यास गर्नुहोस् ।
मीन	: प्रेम र मित्रताको बन्धन कसिनेछ । वित्तीय वा सहकारी संस्थाबाट लाभ मिल्ला ।

साहित्य दर्पण

कथा

मनोज बारु 'अज्ञात'

बुढ्यौली


"अहो कहाँ छु म?" थरथराहटसँगै आवाज आयो।"उफ्, फेरि सुरु हुनुभो। तपाईं हस्पिटलको जनरल वार्डमा हुनुहुन्छ।" "किन" के भो र मलाई? अनि तपाईं को नि?""हेतेरिका" फेरि भुलिहाल्नुभो।" "तपाईंसँग पक्कै पहिल्यै, कहीं-कतै देखभेट भएको हुनुपर्छ" तर कहिले? माफ पाऊँ, याद गर्न सकिनँ है""एक-एकै छिनमा याद आउने-जाने त हो तपाईंको।""हुँम? भन्नुस् न साँचै" हाम्रो भेट कहिले भयो?""एक जुनी पहिले।""अनि हाम्रो सम्बन्ध?" "हाम्रो सम्बन्धमा नामको जरुरत पर्दैन। बुझ्नुभो?""कस्तो सम्बन्ध?""तपाईं मेरो श्रीमान्। म तपाईंको श्रीमती।""अहो" कस्तो भुल्ने बिमार छ है मेरो?" बुढाले सम्झँदै गरेर भनेका थिए।"अउँ बुढो। भुल्ने बानी होइन, कहाँ हुनु" बुढीले बुढाको छाती मसर्दै भनेकी थिइन्। "मेरो यो भुल्ने बिमारले तिम्लाई बारम्बार भुले भने?" बुढाले सास बिसाएर बोलेका थिए। "मैले बारम्बार सम्झाउने छु।" बुढीले ओठ थरथराउँदै बोलेकी थिइन्। "मैले सधैँका लागि तिम्लाई भुले भने?" बुढाले लेघो तानेर खकार्दै बोलेका थिए।"मैले जत्तिखेर नि सम्झाइरहनेछु।" भन्दै गर्दा बुढीको गला गाँठिएको थियो।"लेह, बुढाबुढी मात्रै याँ हस्पिटलमा छौं त त्यो नालायक अशोके खै त तिम्ले बिगारिसक्यौ एउटै छोरो पनि। घरमा हामी नभएको मौका पारेर गयो होला लन्डू बटुलेर किरकेट खेल्न। फोन गरेर यता बोलाइहाल तेल्लाई।" बोलिसकेपछि बुढाको सास बढेको थियो, "स्याँ-स्याँ"।"लेह, फेरि भुलिहाल्नुभो। ऊ हामीदेखि धेरै टाढा छ।" बुढीका आँखा पन्याईंला देखिए। आँखीडिलबाट ओर्लेर चाउरिएका चेपमा कतै बिलाए ती आँसु। "कति टाढा, कहाँ छ त्यो?" बेडबाट उठ्दै भनँ गरेर बोलेका थिए बुढाले।"अस्ट्रेलिया।" भनिसकेपछि बुढीका आँखा टाढा पुगेर टक्क कतै रोकिए।"ए तेसोभा ऊ त फ्लै भैसक्यो" तिम्रो त कपाल पनि सफेद भैसकेछ। बुढ्यौलीले छोइसकेछ।" बुढाका आँखाले मेसो पाएझैं गरी बोलेका थिए।"हरे, तपाईं पनि त बुढो भैसक्नुभो। कि त्योपनि भुल्नुभो?" बुढीले बुढाको चाउरिएका खस्रा हात समाउँदै बोलिन्।"हो हो, हामी दुवै कतिचाँडै बुढ्यौलीको काखमा पुगिसकेछौं। अनि छोरो आउँदैन?" बुढाका आँखाले परपरसम्म केही खोजेजस्तै देखिएका थिए।"ऊ हाम्रो पो एक्लो छोरो त। अब ऊ कहाँ एक्लो छ र" ऊ पनि त जिम्मेवारीको बोझले बोझिएको छ। उतै घर छ। श्रीमती, छोराछोरी छन्। नोकरी छ। छुट्टी पाउन गाह्रो छ उल्लाई।" भनिसकेपछि बुढीले आँखा लुकाएर सुकसुकाइन्। बुढा बेडबाट उठ्न खोज्छन् तर सक्दैनन्। अनि भन्छन् "भो, धन्दा नमान बुढी म छु नि तिम्रालागि। किन न्याग्रिन्छ्यौ ? अनि घर जाऊँ न त हिंड। मलाई के भएको छ र ठिकै त छु।""अउँ, ठिक त देखिनुहुन्छ बुढा। तपाईं र मैले मात्रै ठिक छ भनेर भएन। डाक्टरले जाँच गरेपछि के भन्ने हुन् खै" बुढीले सान्त्वना दिएर बोलिन्। बुढाले बुढीको हात समातेर भर पाएको महसुस गरे। अनि लामो सास तानेर बोले, "अउँ, घर पुगेपछि तिम्रो हातको खान्कीले म तडिग्रहाल्छु नि यो हस्पिटलमा धेरै बस्नु हुन्न क्याँ। यिनोरूले पैसा मात्रै लुट्न खोज्छन् हँ।" बुढाले अक्कल लगाएझैं गरेर बोलेका थिए।"उफ्, फेरि सुरु हुनुभो। घर भए पो घर जानु" हाम्रो घर भनेकै वृद्धाश्रम पो त।" बुढीले मनमनै बोलिरहँदा पनि बुढाले साउतीमा बोलेको भान गरे।"के भनेकी हउँ बुढी? कान पनि कम सुन्ने भछु र" बुढाका जननेन्द्रिय चनाखो भएकाझैं देखिएका थिए।"अँ, घर जाने। मेरो बुढालाई म स्याहार गरिहाल्छु नि" भनिरहँदा बुढीको आँखा झुकेका थिए।"घर गएपछि मैले जानेछु। त्यो अशोकेलाई तत लगाएर छोड्छु। स्कुल नगई-नगई उरन्ठेउलासँग किरकेट खेल्न जान्छ। तिम्ले नै बिगारेकी हौ के।" बुढाका बोली जोसिला सुनिएका थिए तर धड्कन धिमा थियो। हेराइ हराएकोझैं थियो।"हरे, फेरि सुरु हुनुभो। ल बाबा ल, त्यसलाई म पुलपुल्याउँदिन। दुवै मिलेर तह लगाउँला""तिम्रो साथ मिल्यो भने, सबै सम्भव छ मेरालागि। सब समस्या स्याहार्न सक्छु म।""सँगै जिउँला, सँगै मरौंला भनेर कसम खाएकै हो के रे साथ छोडेर पहिला को जाने हो खै?" निराश भएर बुढी बोलिन्।"तिमी किन धन्दा मान्छ्यौ? म छु नि तिम्रालागि। यमराजलाई छेक्ने छेको अझैसम्म मेरो पाखुरीमा छ के।""अउँ छ त नि तपाईंको पाखुरीमा बल कति हो कति तपाईंका लागि यमराजअधिल्तिर छेको बनेर म पनि उभिउँला नि बुढा। मसँग पनि बलियो छेको छ।""भो, तेसो नभन बुढी। जान देऊ यस्ता कुरा। बरु त्यो अशोके घरमा एक्लै छ। के खायो होला" पिर जो लाग्छ। सानै छँदा तेल्लाई केही चाहियो भने, अनुहार अँध्यारो बनाउँथ्यो। मैले फ्यट्टै बुझिहाल्थें। खानेकुरा या खेलौना किनिदिएपछि कम्ता खुशी हुन्थ्यो त्यो।" बुढा हाँसिलाझैं देखिए। र, दुई खित्का मन्द हाँसो हाँसे पनि। र, फेरि सास बढाए। छाती छिटोछिटो चल्न थाल्यो। बुढीले बुढाको छातीमा हात राखेर सम्हालिरहिन्। मानौं कि दौडेर भाग्दै गरेको सास नियन्त्रण गरेको भान गरिन् आमोईले।"धेरै नबोल्नू के बुढा। सास बढ्छ।" "सास बढेर के भो र बुढी। सास नघटोस् बरु।""सास बढेपनि, घटेपनि घाटा मलाई नै हो क्यारे""अउँ, घाटा, नाफाको कुरा छोड। कत्ति खुशी भएइथेऊ अशोके जन्मिँदा? कोख नभरिँदा, मठमन्दिर कति धायौंइथेऊ उसलाई पाउन? अहो, कति रात सुतिनौ ऊ बिरामी हुँदा" रातभरि पानीपट्टी, ओखती, जाउलो पानी, कति खेर फुर्सद हुन्थेन।" बुढा बोल्दाबोल्दै टक्क रोकिए। बेड नजिकै डाक्टरसहित नर्स देखिएका थिए। ("बाआमा दुवैले बोलेको बोल्यै गर्नुहुन्छ के। धेरै बोल्न हुन्न भने पनि केही लाग्दैन के रे" डाक्टर अगाडि नर्स आफू कर्तव्यनिष्ठ देखिइन्। डाक्टरले बाको आँखाअधिल्तिर उभिएर भने, ("बालाई अहिले कस्तो छ? अब सन्चो हुन्छ है।" भनेपछि नर्सको हातमा एउको फाइल हेरे। बाका दुवै आँखाका परेला फट्याए हेरे। जिब्रो निकाल्न लगाए हेरे। सास तान्न लगाए छातीको चाल हेरे। हातको नसा छामे। अँ, आँखा झुकाए नर्सतर्फ हेरे। र, साँझको औषधि खुवाउन अह्राए। अनि क्याबिनतिर लागे। क्याबिन पुग्दानपुग्दै डाक्टरले लामो सास फेरेका थिए। नर्सले हडबडाउँदै सोधेकी थिइन्- "के भो डाक्टरसाब, केही इस्यु छ र?""अब बुढाबुढीलाई बोल्नबाट नरोके हुन्छ। बोल्दाबोल्दै बुढा कुन बेला जान्छन् थाहा छैन। ट्युमर ह्वात्तै बढेर झन् समस्या देखियो। उत्तिनैखेर भुलिहाल्ने मुख्य कारण यही ब्रेन-ट्युमर हो। अब यसको केही उपाय छैन। यो खालको केस यत्तै हो। बरु वृद्धाश्रममा खबर गर्नुपर्छ है। आठ महिना भयो यहाँ उपचार भइरहेको। बिल मिलानको लागि ट्रस्टको प्रशासनलाई खबर गर्नुस्।" नर्स केही अधीरझैं देखिइन्। उनले आफ्ना सहकर्मीसँग खासखुस गर्न थालिहालिन्। यता बुढाबुढी फेरि गफिन सुरु गरिसकेका थिए।"भन न बुढी, साँचै अशोके ठूलो भएछ है""अउँ, ऊ ठूलो भयो, हामीलाई भुल्यो पनि।" आशा मारेर, कठोर भएर बोलेकी थिइन् बुढीले। बोलीसँगै हिक्का छुट्लाझैं भएको थियो।"कति ठूलो भयो र? हामीभन्दा ठूलो त पक्कै होइन" अनौठो जिज्ञासा पोखे बुढाले।"हाम्रो नै गल्ती थियो, उसलाई ठूलो बनाउनुमा। टाढा पठाउनुमा।" बुढीले आमा पातला, फुलेका कपालतिर हात पुऱ्याइन्। कनाइन्। अनि पुरपुरो मसारिन्।"उबेला, ठूलो सपना देखियो क्याँ र" भन्दै गर्दा बुढाको स्लाइन जोडिएको हात बेस्मरी चल्यो। टाउकोमाथि झुन्डिएको स्लाइनको बोतल जोडले हल्लियो। बुढीले बोतलको हल्लाइ धिमा बनाइन्। बुढाको हातलाई थमथमाइन्। अनि सुस्तसुस्त बोलिन्, ("विकल्प थिएन। देशमा यस्तो उथलपुथल चलिरहेको छ अझैसम्म।""त्यैं भएर तिम्रो मास्टरीको पेन्सन र मेरो उपदानको पैसोजति सबै त्यसैमा खन्याइयो।" बुढाले पुराका पुरा जोड लगाएर विगत सम्झेझैं गरेर भनेका थिए।"उताबाट केही वर्षपछि ऊ आयो। उता घर किन्छु भन्यो। र, यता घर बेचेर गयो।""एउटै छोराको सपना तुहाउनु कसरी? घरको लागि घर भनेर हामी पनि खुशी नै भइयो।""उसले घर मात्रै बेचेन, हाम्रो खुशी पनि बेचेर गयो। पत्तो पाइएन।"पत्तो पाउनु कसरी? ऊ आफै रगत थियो। आफ्नो नसाभित्र रगत कसरी दगुरिरहेको छ, थाहै हुँदो रहेनछ""तर रगतको रङ फिका पो देखियो। देखियो, भन्नु कसरी? भोगियो।""भैगो" आफ्नो रगत हो त्यो। उसको जीवन फल्यो, फूल्यो। ऊ खुशी छ बस।""बस, उसको यादले सताउँछ बेलाबखत। ऊ जति नै ठूलो भए पनि, कतै दुःख त पाएको छैन" भनेर चिन्ता पो लागिरहन्छ।""उसलाई नसताओस् हाम्रो यादले। कहिल्यै नसताओस् हाम्रो चिन्तले।""भुलोस् मैलेजस्तै, उसले यताको सबथोक।""सजाओस् सपना, चुमोस् चन्द्रलोक।""हजुरलाई आज किन निद्रा नलागे को?" बुढीले विषयान्तर गर्ने हेतुले अपर्फट बोलिन्। बुढाको हालत नाजुक हुँदै थियो। बुढीले महसुस गरिरहेकी थिइन् सायद।"म निदाएँ भने फेरि निदाएको निदाएकै गरूँला निद्र" भनेपछि लामो सास फेरेबुढाले। बिचमा सास अड्केलाझैं भएको थियो।"म तपाईंलाई निदाएको निदाएकै गर्ने दिन्न।" बुढीले आफ्नो सास थामेर आफूलाई थमथमाइन्।"अनि, मलाई निदाउन भन्छौं फेरि" म निदाएँ भने, ...

...तिमी पनि आराम लिन्छ्यौ भनेर हो?""होइन। हजुरलाई आराम हुन्छ भनेर हो।""म केहीबेरपछि निदाउँछु नि" म निदाएपछि तिमी पनि आराम गर्नु है।""अउँ, आराम गर्छु। हजुरसँगै म पनि आराम गर्छु, यहींनेर छेउमा।" बुढा पल्टिरहेको आडछेउमा देखाउँदै भनिन् बुढीले। हठात्, बुढाको अनुहारको भावभङ्गीमा ठूलो परिवर्तन देखियो। बुढीबाट तर्किन खोजेझैं गरे बुढाले। अनि बखुलाउँदै बोले, ("तिमी यसरी नै जसको छेउमा नि सुत्न सक्छ्यौ र? को हो तिमी?""हरे यी बुढापनि" साउतीमै फुसफुसाइन् बुढी। अनि बुढाको छाती सुमसुमाउँदै भनिन्, ("होइन। तपाईंको छेउमा म मात्रै आराम गर्न सक्छु। खुशी हुन, रमाउन, अनि सुकूनले सुत्न सक्छु, (म के म, म मात्रै। किनकि म हजुरकी अर्धाङ्गिनी हुँ।" बुढीको आँखामा निरन्तर आँसु बहन थालेका थिए। डाक्टर आएदेखि बुढीको होस गएकोझैं देखिएको थियो। उनले डाक्टरको अनुहार राम्ररी पढ्न भ्याएकी थिइन् सायद। बुढीमा हडबडाहट र मुटुको आहट दुवै बढेको थियो। बोलीमा त्राससहित थरथराहट बढेको थियो। छातीको ढुकढुक झनै फाल हानेर भुलुक्क बाहिर आउँलाजस्तो भएको थियो। बुढीले आफ्नो मनलाई मनाउन सकिरहेकी थिइन्। बस्, मनमनले भगवान् पुकारिरहेकी थिइन्, ("हे भगवान्, हे पितृदेव, हे छत्तीसकोटी देवता। मेरा बुढालाई मबाट अलग नगर। त्यसो गर्न सकेनौ भने, बरु मलाई पनि सँगैसँगै लैजाऊ प्रभु।""ए अँ त नि" तिमी त मेरी जोइ पो" भनेपछि बुढाले बुढीलाई एकटकले हेरे। जस्तै कि पहिलो पटक नियाल्दै थिए बुढीलाई। निरन्तर, असामान्य, थित मरुन्जेल हेरेको हेरेई गरिरहे बुढाले। केहीबेर बुढीले पनि बुढालाई थित मरुन्जेल हेरिन्। हेर्दाहेर्दै उनका आँखाबाट राप्ती सुसाउन थाले। राप्ती जति नै सुसाए पनि पटपटी फुटेका खेतका बन्जर गरोमा ती आँसुका भेल कहाँ बिलाए" थाहै भएन। थाहै नपाई बुढीले आफ्ना थरथरिएका खस्रा हातले बुढाको आँखा सुमसुम्याइन् अनि आफू पनि बुढाको आडमै आराम लिइन्। नर्सहरू हतासिँदै बुढाबुढीको बेडछेउ आए। बुढाबुढी दुवैको घाँटीतिर हात लगेर पल्स जाँचे। र, अत्तिएझैं गरे। अनि, त्यो बेड वरिपरि बिरामी कुरुवाहरूको ओहोरदोहोर बढ्यो। सबैले भनिरहेका थिए, ("च्चँ च्चँ, कठै बिचरा बुढाबुढीका कोही रहेनछन् संसारमा ... ...

...*(साहित्य पोष्ट डटकम)*

संग्रह

८१ वर्षको उमेरमा ह्यारिसनले जिते बुकर पुरस्कार



बेलायती लेखक एम जोन ह्यारिसनले ८१ वर्षको उमेरमा सन् २०२६ को प्रतिष्ठित बुकर पुरस्कार जितेका छन् । उनको उपन्यास 'द एन्ड अफ एभ्रिथिङ'लाई यस वर्षको बुकर पुरस्कार प्रदान गरिएको हो ।

यससँगै उनी बुकर पुरस्कार जित्ने अहिलेसम्मकै सबैभन्दा पाका लेखक बनेका छन् । सोमबार राति लन्डनमा आयोजित समारोहमा ह्यारिसनलाई पुरस्कार प्रदान गरिएको हो । उनको उपन्यास यस वर्षको अन्तिम सूचीमा परेका छवटा पुस्तकहरूमध्ये सबैभन्दा छोटो थियो । जम्मा १९८ पृष्ठको यस पुस्तकलाई निर्णायक मण्डलले सर्वसम्मत रूपमा विजेता घोषणा गरेको हो । करिब ६० वर्षदेखि साहित्य सिर्जनामा सक्रिय ह्यारिसनको यो उपलब्धिलाई साहित्यिक क्षेत्रमा विशेष महत्वका साथ हेरिएको छ। लामो साहित्यिक यात्रापछि प्राप्त यो सम्मानले लेखकको सिर्जनात्मक क्षमता उमेर वा पुस्तकको आकारले निर्धारण गर्दैन भन्ने सन्देशसमेत दिएको छ । पुरस्कार प्राप्त गरेपछि ह्यारिसनले आफूलाई बल्ल वास्तविक लेखक बनेको अनुभूति भएको बताए । यद्यपि, आफूमा अझै पनि आत्मविश्वासको कमी रहेको उनको भनाइ थियो । अहिले ठूलो संख्यामा उपन्यास लेखिने समयमा लेखकहरूका लागि यस्ता प्रतिष्ठित पुरस्कार निकै महत्वपूर्ण हुने उनले बताए । के छ १९८ पृष्ठको उपन्यासमा ? 'द एन्ड अफ एभ्रिथिङ' भविष्यको एउटा अनौठो संसारमा आधारित उपन्यास हो। यसमा रहस्यमयी विनाशकारी घटनापछि परिवर्तन भएको विश्वको चित्रण गरिएको छ । उपन्यासको कथा मुख्यत: इङ्ल्यान्डको दक्षिणी तटीय क्षेत्रमा बस्ने फिलिप टेनेन्ट र उनकी वृद्ध काकी मार्नीको वरिपरि घुम्छ । उनीहरू एउटा रहस्यमयी विपत्तिको धेरै वर्षपछि अस्तित्वमा रहेको बदलिएको संसारमा जीवन बिताइरहेका हुन्छन् । उक्त विपत्तिपछि संसारमा 'आईघेटी' नामका मानिसहरूको आक्रमण भएको हुन्छ । उपन्यासमा 'आई' शब्दले डिजिटल संसारसँग सम्बन्धित कुनै संकेत दिने भए पनि यसको वास्तविक अर्थ स्पष्ट पारिएको छैन्। लेखकले बदलिँदो विश्व, अनिश्चित भविष्य, मानवीय सम्बन्ध र जीवनका जटिलताबीच आशाको खोजीलाई कथाको मुख्य विषय बनाएका छन् । उपन्यासको विषयवस्तुमा विनाश, अनिश्चितता र निराशाका पक्षहरू भए पनि त्यसले पाठकको मनमा आशाको किरण जगाउने निर्णायकहरूको ठहर छ । यही विशेषताले अन्य प्रतिस्पर्धी पुस्तकभन्दा यसलाई फरक बनाएको हो ।

निर्णायकले किन रोजे ह्यारिसनको पुस्तक ?

सन् २०२६ को बुकर पुरस्कार निर्णायक मण्डलको अध्यक्षता लेखिका मेरी बियर्डले गरेकी थिइन् । उनका अनुसार अन्तिम सूचीमा परेका छवटा उपन्यासमाथि निर्णायकहरूले दिनभर छलफल गरेका थिए । त्यसपछि सर्वसम्मत रूपमा ह्यारिसनको पुस्तकलाई विजेता छनोट गरिएको थियो।बियर्डका अनुसार यो उपन्यासले पाठकलाई आश्चर्यचकित बनाउँछ, अनुहारमा हल्का मुस्कान ल्याउँछ र गम्भीर विषयवस्तुका बाबजुद आशावादी बन्न प्रेरित गर्छ। उनका अनुसार पुस्तकको यही विशेषताले यसलाई अन्य प्रतिस्पर्धी उपन्यासभन्दा अलग बनाएको हो । अन्तिम सूचीमा को-को थिए ?यस वर्षको बुकर पुरस्कारको अन्तिम सूचीमा छवटा उपन्यास समावेश थिए। ह्यारिसनसँगै यसअघि बुकर पुरस्कार जितिसकेका स्कटिस-अमेरिकी लेखक डगलस स्टुअर्टको 'जोन अफ जोन' पनि प्रतिस्पर्धामा थियो। त्यस्तै जमैकाका लेखक मार्लन जेम्सको 'द डिसअपियर्स', एलिजाबेथ स्ट्राउटको 'द थिङ्स वी नेभर से', लुक केनार्डको 'ब्ल्याक ब्याग' र रेबेका पेरीको 'मे वी फिड द किड' पनि अन्तिम सूचीमा परेका थिए।तर, यी सबैलाई पछि पार्दै ह्यारिसनले पुरस्कार जिते। सन् २०२५ को बुकर पुरस्कार हङ्गेरियन-बेलायती लेखक डेभिड स्जालेले आफ्नो उपन्यास 'लेश' का लागि जितेका थिए ।

(रातोपाटी डटकम /एजेन्सी)

आज विश्व मधुमेह दिवस मनाइँदै



पाल्पा, कार्तिक २७/ आज विभिन्न सचेतनामूलक कार्यक्रम कार्यक्रम गरी विश्व मधुमेह दिवस मनाइँदै छ । विश्व स्वास्थ्य संगठनको आव्हानमा सन् १९९१ देखि हरेक वर्ष नोभेम्वर १४ का दिन यो दिवस मनाउन थालिएको हो ।

मधुमेह रोगबारे जनचेतना अभिवृद्धि गर्ने, यसको जोखिम न्यूनीकरण गर्ने तथा समयमै पहिचान र उपचारको महत्वबारे जानकारी गराउने उद्देश्यले दिवस मनाउने गरिन्छ । प्रत्येक वर्ष नोभेम्बर १४ तारिखमा मनाइने यस दिवसले मधुमेहबाट हुने स्वास्थ्य समस्या, यसबाट बच्ने उपाय र रोग लागिसकेपछि अपनाउनुपर्ने सावधानीबारे आम नागरिकलाई सचेत गराउने लक्ष्य राखेको छ ।मधुमेह पछिल्लो समय विश्वभर तीव्र गतिमा फैलिरहेको दीर्घकालीन स्वास्थ्य समस्याका रूपमा देखिएको छ ।

बन्दैछ गच्छे-भालुबाङ सडक...

...सडक निर्माणका लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट रु पाँच करोड र सङ्घीय सरकारबाट रु पाँच करोड गरी रु १० करोड बजेट विनियोजन भएको छ । सोही बजेटबाट झन्डै साढे नौ किलोमिटर सडकमा अस्फाल्ट कालोपत्र गर्नेगरी काम भइरहेको सडक पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर भण्डारीले जानकारी दिए।वर्षौंदेखि प्रदेश राजधानीसँग सहज सडक सम्पर्कको प्रतीक्षामा रहेका जिल्लावासीका लागि सडक निर्माणले गति लिनु उत्साहजनक विषय बनेको छ । सडकका विभिन्न खण्डमा कालोपत्र तथा स्तरोन्नतिको काम अगाडि बढेसँगै आयोजना पूरा हुने अपेक्षा पनि बढेको छ ।गच्छे-भालुबाङ सडक निर्माण सम्पन्न भए यसको लाभ अर्घाखाँचीका नागरिकले मात्र नभई छिमेकी जिल्ला गुल्मी र प्युठान र पाल्पाका बासिन्दाले समेत लिन सक्नेछन् । सन्धिखर्कलाई प्रदेश राजधानीसँग छोटो सडकमार्गबाट जोड्ने यो सडकले जिल्लाका ग्रामीण क्षेत्रको यातायात पहुँच विस्तारमा समेत महत्त्वपूर्ण भूमिका खेल्नेछ ।विशेषगरी नेपालको सबैभन्दा ठूलो नगरपालिका शितगङ्गा नगरपालिकाका वडा नं ५, ६ र ७ तथा भूमिकास्थान नगरपालिकाका वडा नं ९ र १० हुँदै यो सडक जाने भएकाले ती क्षेत्रका नागरिक प्रत्यक्ष लाभान्वित हुने भूमिकास्थान नगरपालिका १० धनचौरका स्थानीय समाजसेवी लेखनाथ पाण्डेले बताए। अहिले ती क्षेत्रका नागरिकलाई सदरमुकाम, प्रदेश राजधानी तथा अन्य बजार क्षेत्रसम्म पुग्न भौगोलिक अवस्था र सडकको पहुँचका कारण विभिन्न समस्या झेल्नुपर्ने अवस्था छ । सडक निर्माण सम्पन्न भएपछि स्थानीय बासिन्दाको आवतजावत सहज हुनुका साथै कृषि तथा पशुजन्य उत्पादन बजारसम्म पुर्याउन पनि सजिलो हुनेछ ।ग्रामीण क्षेत्रमा उत्पादित तरकारी, फलफूल, दूध तथा अन्य कृषि उपजले बजार पाउने सम्भावना बढ्नेछ । सडक पहुँच विस्तारसँगै स्थानीयस्तरमा व्यापार व्यवसाय, होटल तथा पर्यटन गतिविधि बढाउन पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।त्यस्तै, प्रदेश राजधानी भालुबाङसँग प्रत्यक्ष सडक सम्पर्क स्थापित भएपछि सरकारी कार्यालयका काम, स्वास्थ्य उपचार, शैक्षिक गतिविधि तथा व्यापारिक प्रयोजनका लागि आवतजावत गर्ने नागरिकलाई ठूलो राहत मिल्नेछ । प्रदेश राजधानी पुग्न लाग्ने समय, इन्धन खर्च र यातायात खर्च घट्ने भएकाले यसले समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

गच्छे-भालुबाङ सडक निर्माणमा प्रगति भइरहे पनि सम्पूर्ण सडकलाई कालोपत्र गरी पूर्णता दिन पर्याप्त बजेटको आवश्यकता छ । हालसम्म भएका निर्माणकार्यले सडकको आधार तयार पार्ने काम गरे पनि बाँकी खण्डको स्तरोन्नति र कालोपत्रका लागि थप बजेट आवश्यक देखिएको छ ।झन्डै रु एक अर्ब बजेट उपलब्ध हुनसके सम्पूर्ण सडक कालोपत्र गर्न सकिने अनुमान गरिएको छ । त्यसैले प्रदेश सरकारको गौरवको योजनाका रूपमा रहेको यस सडकलाई पूर्णता दिन प्रदेश र सँीय सरकारले विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता छ ।प्रदेश राजधानीसँग जोडिने सडक भएकाले यसलाई सामान्य स्थानीय सडकका रूपमा मात्र नभई प्रदेशस्तरीय महत्व बोकेको रणनीतिक सडकका रूपमा हेर्नुपर्ने जिल्लावासीको अपेक्षा छ । पर्याप्त बजेट विनियोजन गरी बहुवर्षीय योजनाका रूपमा निरन्तर काम अगाडि बढाउनसके आगामी केही वर्षभित्रै सडकले पूर्णता पाउने सम्भावना छ ।अहिले भौगोलिक रूपमा नजिक भएर पनि सडकका कारण टाढा रहेको भालुबाङलाई गच्छे-भालुबाङ सडकले अर्घाखाँचीको पहुँचमा ल्याउनेछ । यो सडकले केवल ४७ किलोमिटर दूरी घटाउनेमात्र नभई जिल्लाको आर्थिक, सामाजिक र प्रशासनिक सम्बन्धलाई प्रदेश राजधानीसँगको सहज सम्पर्कका लागि महत्वपूर्ण माणिएको यो आयोजना समयमै सम्पन्न हुनु आवश्यक छ । निर्माणाधीन सडकलाई पर्याप्त बजेट, प्रभावकारी अनुगमन र निरन्तर निर्माणको वातावरण बनाउनसके गच्छे-भालुबाङ सडक जिल्लाको विकासमा नयाँ कोशेढुङ्गा बन्न सक्नेछ ।

खेलकुद समाचार

एनपीएलमा जनकपुर पराजित



काठमाडौं, कार्तिक २७/ नेपाल प्रिमियर लिग (एनपीएल) मा चितवन राइनोजले जनकपुर बोल्टसलाई ४ विकेटले पराजित गरेको छ । त्रिवि क्रिकेट मैदानमा जनकपुरले दिएको ८९ रनको लक्ष्य चितवनले १७ ओभर २ बलमा ६ विकेट गुमाएर पूरा गऱ्यो। चितवनका लागि डेभिड मलानले सर्वाधिक ३५ रन बनाए । कुशल मल्लले १५, रवि बोपारालेे १३ र कामिल मिसारालेे १२ रन बनाए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ८८ रन बनाएको थियो। कप्तान हरमित सिंहले सर्वाधिक २५ रन बनाए । आजको जीतपछि ७ अंक जोडेको चितवन तालिकाको चौथो स्थानमा उक्लिएको छ । शुक्रबारको जीतसँगै चितवनले प्लेअफ सम्भावना बलियो बनाउँदा पहिलो संस्करणको विजेता जनकपुर भने प्रतियोगिताबाट बाहिरिएको छ । जनकपुरसँगै कर्णाली याक्स पनि प्लेअफ दौडबाट बाहिरिएको छ । यसअघि नै र पोखरा एभेन्जर्स बाहिरसकेको थियो । एनपीएलमा भोलि एक खेल हुनेछ । शनिबार बेलुका ५ बजे विराटनगर किंग्स र लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा हुनेछ ।

वर्गिकृत डिस्प्ले

१X१ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

सेयर बजारमा गिरावट



पाल्पा, कार्तिक २७/ तिहार बिदापछि शुक्रबार खुलेको सेयर बजारमा एकल अंकको गिरावट आएको छ। सरकारले कात्तिक २२ गतेदेखि २६ गतेसम्म तिहारको सार्वजनिक बिदा दिएको थियो। लामो बिदापछि खुलेको बजारमा नेप्से परिसूचक ६.४४ अंकले घटेर २६४८.७७ विन्दुमा अडिएको हो।

यसदिन ३३५ वटा स्किप्सको ७८ लाख ४४ हजार २६७ कित्ता सेयर ३ अर्ब ५ करोड ४२ लाख ७४ हजार ७२५ रुपैयाँमा खरिदबिक्री भए। कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन। स्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सनको सेयर सर्वाधिक ७.५६ प्रतिशतले बढ्यो।सामलिङ पावर कम्पनी र एसियन हाइड्रोपावरको सेयर ५/५ प्रतिशतले बढ्दा बेनी हाइड्रोपावर प्रोजेक्ट र सोपान फर्मास्युटिकल्सको सेयर ३/३ प्रतिशतले बढ्यो। कारोबारमा आएकामध्ये ११० वटा स्टक्सको मूल्य बढ्दा १६० वटाको घट्यो। बाँकी ९ वटा स्टक्सको मूल्य स्थिर रह्यो।

४० करोडको सेयर कारोबार गरी घोराही सिमेन्ट शीर्षस्थानमा रह्यो। सानिमा माइ हाइड्रोपावर र स्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सनले १६/१६ करोडको सेयर कारोबार गर्दा शिवम् सिमेन्टले ९ करोड र ग्लोबल आईएमई बैंकले ८ करोड बराबरको सेयर कारोबार गरे।यसदिन चारवटा समूहको उपसूचकबाहेक बाँकी समूहको उपसूचक नकारात्मक देखियो।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चितुंड्डाधारा गा.वि.स.-३ घोरबन्दा, हाल बनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 86454 P का Sub-Hony /LT. टक बहादुर थापा (ना.प्र.मा टक बहादुर गाहा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मनि थापा र जन्म मिति सन् १९४२ जुलाई ०१ (वि.स.१९४९/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा मनि गाहा, जन्म मिति वि.स. १९४६/०५/०५ (सन् १९३५ अगष्ट २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

नेपाल बार एशोसिएशन जिल्ला अदालत बार एकाई पाल्पाको साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०७/२७

यस पाल्पा बार एकाईको मिति २०८३/०७/२० गते बसेको बैठको निर्णय अनुसार मिति २०८३/०८/२७ गते साधारण सभा र अधिवेशन गर्ने निर्णय भएकाले यो सूचना प्रकाशन गरिएको छ ।

छलफलका विषयहरु

१) अध्यक्षको प्रतिवेदन

२) कोषाध्यक्षको प्रतिवेदन

३) आगामी कार्ययोजना

साधारण सभा हुने स्थान, मिति र समय

स्थानः नेपाल बार एशोसियशन बार एकाई पाल्पाको सभा हल

मितिः २०८३/०८/२७ गते

समयः बिहान १०.०० बजेदेखि

सम्पर्क में ५८४७०२५५३१

नेपाल बार एशोसिएशन तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८, पा.जि.प्र.का.द.नं. १८/०७१/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई